# प्रदेश सरकार
# प्रदेश नं ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# वुटवल, नेपाल

सचिव बैठक नं ५८
बैठक मिति: २०७६/११/०१

उपस्थिती

| | | |
|---|---|---|
| श्री तोयनारायण ज्ञवाली | प्रमुख सचिव | प्रदेश नं. ५ |
| श्री टेकनारायण पाण्डे | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री राजेन्द्र थापा | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री शंकर खरेल | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री मधु कुमार मरासिनी | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री राधा वाग्ले | सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| श्री तेज वहादुर सुवेदी | सचिव | भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| श्री गोपीकृष्ण खनाल | सचिव | सामाजिक विकास मन्त्रालय |
| श्री भिमार्जुन पाण्डे | नि.सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री यमकान्त पाण्डेय | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री ज्ञानहरी घिमिरे | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री रामचन्द्र अर्याल | अधिकृत आठौं | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

निर्णयहरु

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट गरिएको स्थलगत अनुगमनका क्रममा केही मन्त्रालयअन्तर्गतका कार्यालयहरुको आयोजना कार्यान्वयनमा परामर्श गर्ने, सहमति लिने, निर्णयमा पुग्ने र कार्यान्वयन गर्ने सन्दर्भमा समन्वयमा कमि रहेको देखिएकोले सो विपयमा मन्त्रालयहरुले अविलम्व समन्वय गरी आयोजना कार्यान्वयन गर्ने, गराउने

२०७६/११/१

२. मन्त्रालय तथा मातहत कार्यालयहरुबाट ठेक्का प्रक्रियाबाट कार्यान्वयन गर्ने आयोजनाहरु समयमै प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।साथै, कार्यान्वयनमा गुणस्तरको सुनिश्चितता कायम गर्ने, गराउने।

३. प्रदेश सरकारबाट स्वीकृत भएका तर स्थापना हुन बाँकी रहेका कार्यालयहरु अविलम्व स्थापना गर्ने । थप जनशक्ति आवश्यक भए मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखि पठाउने।

४. सामाजिक विकास मन्त्रालय अन्तर्गत जिल्लास्थित आर्युवेद स्वास्थ्य केन्द्रहरुमा वितरणका लागि औषधी अभाव भएको जनगुनासो रहेकोले सो विषयमा सामाजिक विकास मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने ।

५. विभिन्न मन्त्रालयहरुबाट प्रदेश सरकारको कार्यसम्पादनका लागि आवश्यक भनि पहिचान भएका तर हाल सम्म पनि तर्जुमा हुन नसकेका कानूनहरु सवै मन्त्रालयहरुले सक्रियतापूर्वक तर्जुमा गरी पेश गर्ने ।

६. सवै मन्त्रालयहरुँले प्रदेशको कार्यसम्पादनसँग सम्वन्धित विषयका सूचकहरु तोकीएको ढाँचामा हरेक महिनाको सात गते भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

७. विभिन्न मन्त्रालयबाट समय समयमा माग गरिने विवरणहरु तोकिएको समयमा प्राप्त हुनेगरी पठाउने व्यवस्था मिलाउने ।

८. मन्त्रालयहरुमा रहेका सूचना प्रविधिमा आधारित कार्यक्रमहरु सूचना प्रविधि प्रतिष्ठानसँगको समन्वयमा संभव भएसम्म एकीकृत रुपमा संचालन गर्ने व्यवस्था मिलाउने ।

९. सवै मन्त्रालयहरुले आफ्नो मातहत कार्यालयहरुको कार्ययोजनाबमोजिमको कार्यान्वयन अवस्थाको स्थलगत अनुगमन गरी लक्ष्यबमोजिमको वित्तिय तथा भौतिक प्रगति हासिल हुने गरी कार्यसम्पादन गर्ने, गराउने ।

१०. अनुदानग्राही तथा लाभग्राहीले प्राप्त गर्ने सूचना तथा जानकारीहरु समयमा लक्षितवर्गमा नपुगेको भनि गुनासो प्राप्त भएको सन्दर्भमा अनुदानग्राही तथा लाभग्राहीसँग सम्वन्धित सूचना तथा जानकारीहरु मन्त्रालय अन्तर्गत कार्यालयहरुले प्रकाशित हुने दिनमा नै सम्वन्धित स्थानीय तहमा समेत पुग्ने गरी संम्प्रेषण गर्ने एवम् सार्वजनिक गर्ने व्यवस्था मिलाउने।

२०७४/११/१